# घरधनी र घरवहालमा वस्ने व्यक्ति वीच भएको घर वहाल सम्वन्धी सम्झौताको ढाँचा

लिखितम साविक नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा नं. १ हाल परिवर्तित नुवाकोट जिल्ला बिदुर नगरपालिका वडा नं. १ बस्ने श्री मान बहादुर श्रेष्ठ को नाती श्री हरी बहादुर श्रेष्ठ छोरा श्री दिनेश श्रेष्ठ श्रेष्ठ हाल बिदुर नगरपालिका वडा नं. ४ वस्ने ना.प्र. नं. ४०३०१ वर्ष ४५ को (यस पछि प्रथम पक्ष भनिएको) र साविक सप्तरी जिल्ला बबधुवा गा.वि.स वडा नं. ९ हाल परिवर्तित सप्तरी जिल्ला अग्निसाईर कृष्णासवरन गाउँपालिका वडा नं. ६ बस्ने श्री बच्चु लाल चौधरी को नाती श्री लक्ष्मी चौधरी को छोरा श्री सुनिल कुमार चौधरी ना.प्र.नं. १६१०१४/२६३ बर्ष ३१को (यस पछि दोश्रो पक्ष भनिएको) बिच देहायका शर्तका अधिनमा रही घर वहालमा दिने लिने सम्बन्धमा मिति २०८१/०४/०१ गतेका दिन मन्जुर भई यो सम्झौता गरि एक एक प्रति आपसमा बुझि दियौ, लियौ

**शर्तहरु**

१. प्रथम पक्षको नाममा रहेको बिदुर नगरपालिका वडा नं. ४ कित्ता नं. ३९४० र ३९४२ स्थित बनेको घर जग्गा प्रथम पक्षले दोश्रो पक्षलाई वहालमा उपलब्ध गराउने।

२. प्रथम पक्षको घर वहालमा लिए वापत दोश्रो पक्षले प्रथम पक्षलाई मासिक रु ५०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ) मात्र उपलब्ध गराउने।

३. दोश्रो पक्षले प्रथम पक्षलाई सम्झौता वमोजिमको घरवहाल रकम बुझाउने।

४. घरको सरसफाई, सुरक्षा र सामान्य मर्मत सुधार दोश्रो पक्षले गर्नुपर्ने र ठुलो मर्मत गर्नुपरेमा प्रथम पक्षले गर्नुपर्नेछ।

५. प्रथम पक्षले दोश्रो पक्षलाई पानी, विजुली प्रयोग गर्न दिने र सो सुविधा उपयोग गरे वापत दोश्रो पक्षले आपसी सहमतिमा निर्धारण गरेको दरमा रकम प्रथम पक्षलाई बुझाउनु पर्नेछ।

६. दोश्रो पक्षले फोहर संकलन वापतको शुल्क प्रथम पक्षलाई बुझाउनु पर्नेछ / वहालमा बस्ने आफै तिर्नुपर्नेछ।

७. वहाल दुवै पक्षको आपसी सहमतिमा बृद्धि हुनेछ तर २ वर्ष नाघेपछि निश्चित दरमा बृद्धि गर्न बाधा पर्ने छैन।

८. सम्झौताको म्याद सकिनु अगावै दोश्रो पक्षले घर छाडी अन्यत्र जान चाहेमा ६० दिन अगावै प्रथम पक्षलाई जानकारी दिनु पर्नेछ।

९. सम्झौताको म्याद सकिनु अगावै प्रथम पक्षले घर खाली गर्न चाहेमा ६० दिन अगावै दोश्रो पक्षलाई जानकारी दिनु पर्नेछ।

१०. प्रथम पक्षले सम्झौता विपरित आधारभूत सुविधा उपलब्ध नगराएमा वा दोश्रो पक्षले घरको हानी नोक्सानी हुने काम गरेमा, घरको सुरक्षा र वातावरणमा प्रतिकूल असर पर्ने कुनै काम गरेमा जुनसुकै समयमा पनि सम्झौता रद्ध हुनेछ।

११. प्रथम तथा दोश्रो पक्षको आपसी समझदारीमा सम्झौताका बुँदाहरु थपघट हुन सक्नेछन्।

१२. यो सम्झौता २०८१/०४/०१ गते देखी २०८५/०३/३१ गते सम्म को लागी हुनेछ। दुवै पक्षले चाहेमा सम्झौताको म्याद भप गर्न सकिने छ।

**प्रथम पक्षको तर्फबाट**

नाम :- दिनेश श्रेष्ठ

सही :-

साक्षी :-

**दोश्रो पक्षको तर्फबाट**

नाम :- सुनिल कुमार चौधरी

सही :-

साक्षी :-

**इति सम्बत २०८१ साल श्रावण १ गते रोज ३ शुभम्**